विक्रम संवत् १९५८ देखि नि

# गोरखाप

निरोगी सबै हुन् सबै हुन् सुखीया । सबै भेस देखुन् नहुन् कौ दुखीया ।।

व्यवस्था सुधार
पृष्ठ ६



मैथिली भाषाका विविध सामग्री
पृष्ठ ८



अन्तर्राष्ट्रिय :
जाने म्याकेन मियाम
विजय अभियानमा प्र

साल माघ १७ गते बिहीबार ■ माघ कृष्ण नवमी ■ नेपाल संवत् ११२८ ■ पृष्ठ १२+२ ■ मूल्य पाँच रुपियाँ ■ GORKHAPATRA DAILY, January 31, 2008 ■

२०६४ साल माघ १७ गते बिहीबार ■ Thursday January 31, 2008

## औषधि उत्पादनमा देउराली जनता

# गुणस्तरमा विश्व मापदण्डअनुरूप चलेको छ

गोरखापत्र समाचारदाता

काठमाडौं, माघ १६ गते । देउराली-जनता फर्मास्युटिकल्स प्रा.लि.ले अन्तर्राष्ट्रिय मापदण्डअनुरूप औषधि उत्पादन गर्ने भएकाले यसका उत्पादनहरूको विश्वसनियता तथा लोकप्रियता उपभोक्तामाझ झन् बढ्दै गएको बताइएको छ ।

सो प्रा.लि.को सत्रौं वार्षिकोत्सवको अवसरमा बुधबार आयोजित कार्यक्रमका सहभागीहरूले उक्त कुरा बताएका हुन् । कार्यक्रममा औषधि व्यवस्था विभागका प्रमुख भूपेन्द्रबहादुर थापाले देउराली-जनता साँच्चीकै जनताका लागि औषधि उत्पादन गर्ने संस्थाको रुपमा विकसित भइरहेको बताउनुभयो ।

अन्तर्राष्ट्रियस्तरको मापदण्ड प्रयोग गरी उच्चगुणस्तरीय औषधि उत्पादन गर्ने देउराली-जनता राष्ट्रको नमूना कम्पनी भएको धारणा पनि उहाँले व्यक्त गर्नुभयो । नेपाली बजारमा अझै पनि विदेशी कम्पनीका औषधिहरुको बाहुल्यता कायम रहेको जानकारी दिँदै यस्ता औषधिको मागमा कमी ल्याउन स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

त्यस अवसरमा उहाँले देउराली-जनता फर्मास्युटिकल्स प्रा.लि.मा लामो समयदेखि कार्यरत कर्मचारीहरूलाई दीर्घ सेवा पदक तथा उत्कृष्ट काम गरेबापत कर्मचारीलाई पुरस्कार प्रदान गर्नुभएको थियो । उहाँले देउराली-जनतालाई नेपाली जनताका लागि औषधि उत्पादन गर्ने संस्थाको रुपमा अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो ।

उक्त प्रा.लि.का कार्यकारी निर्देशक हरिभक्त शर्माले स्वदेशमै उच्चगुणस्तरीय औषधि उत्पादन गर्ने उद्देश्यअनुरुप देउराली-जनताको जन्म भएको बताउनुभयो । देउराली-जनताले विश्वले मानेको सम्पूर्ण मापदण्ड अपनाएर औषधि उत्पादन गर्दै आएकाले यसको भविष्य जनता र राष्ट्रको गौरव सबै क्षेत्रसँग गाँसिएको छ, उहाँले भन्नुभयो ।

उहाँले कम्पनीले औषधि उत्पादन गरी नाफा कमाउनु भन्दा पनि समाजसेवाजस्ता कार्यलाई पनि निरन्तरता दिएको बताउनुभयो । उहाँले देउराली-जनताका उत्पादनहरु छिट्टै विदेशी बजारमा जाने जानकारी दिनुभयो ।

प्रालिका अध्यक्ष श्रीमती दुर्गा उपाध्यायको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रालिका व्यवस्थापक सरोज मानन्धर, उप-व्यवस्थापक नीलराज आचार्य, कर्मचारी देवनारायण चौधरी, सरिता थापा प्रधान र केदारलाल श्रेष्ठलगायतका सहभागी वक्ताहरुले कर्मचारी र व्यवस्थापन पक्षबीचको सौहार्द सहकार्यसँगै दक्ष प्राविधिज्ञहरुका कारण देउराली-जनता फर्मास्युटिकल्स मुलुकै नमुना कम्पनीका रुपमा विकसित हुन पुगेको धारणा व्यक्त गर्नुभयो ।